नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०२।३१**

# <u>प्रेस विज्ञप्ती</u>

**भन्सार चोरी पैठारी गरी राजश्व चुहावट कार्यमा संलग्न रहेको अभियोगमा प्रिज्म एग्रो कमोडिटिज ट्रेडिङ प्रा.लि. बाट रु.१,०२,६०,०००।- (अक्षेरु एक करोड दुई लाख साठी हजार मात्र) विगो असुल गरी उक्त प्रा.लि.का संचालकलाई जरिवाना र कैद मागदावी लिई मिति २०७८-०२-३१ गते उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगंजमा मुद्दा दर्ता गरिएको।**

प्रिज्म एग्रो कमोडिटिज ट्रेडिङ्ग प्रा. लि. (स्था.ले.नं. ६०६७४५४१९) थापाथली ११, काठमाण्डौका संचालक विज्ञानजंग राणा र वेदान्तजंग राणाले भन्सार चोरी पैठारी गरी राजश्व चुहावट गर्ने कार्यमा संलग्न रहेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिम कसुर गरी रु.१,०२,६०,०००।- (अक्षेरु एक करोड दुई लाख साठी हजार मात्र) राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले उक्त प्रा.लि.का संचालकहरुलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र २३(१)(ख) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनु पर्ने राजस्व रकमको व्याज समेत असुल गरी बरामद भएको मालवस्तु सोही ऐनको दफा ३३(१) बमोजिम जफत हुन मागदावी लिई मिति २०७८-०२-३१ गते उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगंजमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**<br>**राजस्व अनुसन्धान विभाग**